बैठक नं.९३

आज मिति २०७८/०९/२६ गतेका दिन बुटवल उपमहानगरपालिकाका प्रमुख श्रीमान् शिवराज सुवेदीज्यूको अध्यक्षता र देहायका कार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा निम्न प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : विहान ७:०० बजे ।

स्थान : नगर कार्यपालिकाको भवन ।

## उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | शिवराज सुवेदी | प्रमुख | |
| २ | गुमा देवी आचार्य | उपप्रमुख | |
| ३ | महेन्द्र प्रसाद लिगल | सदस्य | |
| ४ | रमेश प्रसाद नेपाल | सदस्य | |
| ५ | टंक प्रसाद पराजुली | सदस्य | |
| ६ | तेज बहादुर सुनार | सदस्य | |
| ७ | जगदिश चन्द्र आचार्य | सदस्य | |
| ८ | कमल प्रताप थापा | सदस्य | |
| ९ | भिम बहादुर श्रेष्ठ | सदस्य | |
| १० | बिष्णु बहादुर थापा | सदस्य | |
| ११ | पदम बहादुर थापा | सदस्य | |
| १२ | रामचन्द्र क्षेत्री | सदस्य | |
| १३ | दुर्गा प्रसाद सुवेदी | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १४ | नारायण प्रसाद पुन | सदस्य | |
| १५ | दधिराम न्यौपाने | सदस्य | |
| १६ | डम्मर बहादुर भण्डारी | सदस्य | |
| १७ | राम प्रसाद रेग्मी | सदस्य | |
| १८ | सन्त बहादुर राना | सदस्य | |
| १९ | हिम बहादुर खत्री | सदस्य | |
| २० | डिल प्रसाद नेपाली | सदस्य | |
| २१ | रन्जित शेरचन | सदस्य | |
| २२ | माया देवी वराल (विश्वकर्मा) | सदस्य | |
| २३ | बिमला श्रेष्ठ | सदस्य | |
| २४ | सिता कुमारी थापा | सदस्य | |
| २५ | शुष्मा कुमारी अर्याल | सदस्य | |
| २६ | विष्णु कुमारी शर्मा | सदस्य | |
| २७ | वीरेन्द्र देव भारती | प्रमुख प्रशासकीय अधिकृत | |

सरस्वती कुँवर, का.वा. वडाध्यक्ष वडा नं.३

सुमित्रा गाहा, का.वा. वडाध्यक्ष वडा नं.१८

नन्दा थापा मगर का.वा. वडाध्यक्ष– ६

प्रस्ताव नं.९३.१
मिति २०७८।०९।१४ मा बसेको नगरकार्यपालिकाको ९२ औं बैठकबाट भएका निर्णयहरुको समीक्षा सम्बन्धमा ।
निर्णय नं.९३.१

- प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ माथि संशोधन आवश्यक भएको हुँदा संशोधनका लागि नगरसभाको दशौ अधिवेशनमा पेश गर्ने निर्णय भएको ।
- बुटवल उपमहानगरपालिकाको भाषा, कला, साहित्य प्रतिष्ठान स्थापना तथा संचालन गर्न बनेको ऐन, २०७५ माथि संशोधन आवश्यक भएको हुँदा संशोधनका लागि नगरसभाको दशौं अधिवेशनमा पेश गर्ने निर्णय भएको ।
- बालमैत्री स्थानीय शासन कार्यक्रम कार्यान्वयन गरी बालमैत्री वडा घोषणा सहित बालमैत्री नगर घोषणा गर्ने निर्णय भएको ।
- बुटवल उपमहानगरपालिकाको नगर सहकारी ऐन, २०७४ मा दोस्रो संशोधन आवश्यक भएको हुँदा संशोधनका लागि नगरसभाको दशौ अधिवेशनमा पेश गर्ने निर्णय भएको ।
- नेपाल सरकार, राष्ट्रिय योजना आयोग सिंहदरवार, मिति २०७८।८।२४ मा प्रकाशित सूचना बमोजिम समपुरक अनुदान र विशेष अनुदान अन्तर्गतका आयोजनाहरु छनौट गरी स्वीकृतिका लागि सिफारिस गरी पठाइएको ।
- जिगतढी किल्ला संरक्षण सहित तिनाउ नदीमा जल पर्यटन पूर्वाधार निर्माण गर्ने गरी दीप प्रज्वलन कार्यान्वयन प्रकिया अगाडि बढाउने निर्णय भएको ।

प्रस्ताव नं.९३.२
बहुबर्षिय योजना सम्बन्धमा ।
निर्णय नं.९३.२
यस बुटवल उपमहानगरपालिका क्षेत्र भित्रका देहायका आयोजनाहरुलाई बहुवर्षिय योजना अन्तर्गत राखि कार्यान्वयन प्रकिया अगाडि बढाउने गरी मिति २०७८।९।७ को पूर्वाधार विकास समितिबाट सिफारिस भई आएको हुँदा उक्त आयोजनाहरु अनुमोदनका लागि नगरसभाको दशौ अधिवेशनको दोस्रो बैठकमा पेश गर्ने निर्णय गरियो ।
देहाय :
१.वडा नं.१४, १५ र १६ स्थित ईमिलिचोक देखि विनायकपुर जाने सडक कालोपत्रे र नाली निर्माण ।
२.८ नं. वडा कार्यालय भवन निर्माण ।

प्रस्ताव नं.९३.३
संगठन स्वरुप र दरवन्दी थप/घट सम्बन्धमा।
निर्णय नं.९३.३
बुटवल उपमहानगरपालिकाको हालको मौजुदा संगठन स्वरुपमा महाशाखा ७ र शाखाहरु २८ रहेकोमा कामको प्रकृति, कार्यविवरण समेतका आधारमा जवाफदेहिता कायम गर्न आवश्यक भएको हुँदा मौजुदा जनशक्तिबाटै शाखा संचालन र कार्य सम्पादन गर्ने गरी संगठन स्वरुपमा शिक्षा तथा जनस्वास्थ्य महाशाखा अन्तर्गत शिक्षा शाखालाई विभाजन गरी वाल तथा आधारभुत शिक्षा शाखा र माध्यमिक तह शिक्षा शाखा थप गरी शाखाको संख्या २९ कायम गर्ने । साथै कर्मचारी दरवन्दी तर्फ केही पद आवश्यक भएको र केही पद हाल नहुँदा पनि हुने र आवश्यकतानुसार थप/घट गर्ने

अधिकार नगरसभामा निहित भएको हुँदा देहायका पदहरु थप/घट गर्ने गरी संगठन संरचना र दरवन्दी सम्बन्धी प्रस्ताव आजै बस्ने नगरसभाको दशौं अधिवेशनको दोस्रो वैठकमा पेश गर्ने निर्णय गरियो ।

देहाय :

थप गर्नुपर्ने दरबन्दी

| | |
|---|---|
| १.मेकानिकल ईन्जिनियर, अधिकृतस्तर छैठौं | -१ |
| २.स.ई.नगरप्रहरी, सहायकस्तर पाँचौ तह | -१ |
| ३.अ.स.ई.नगरप्रहरी, सहायकस्तर चौथो तह | -१ |
| ४.खरिदार, सहायकस्तर चौथो तह | -१ |
| ५.अहेव, सहायकस्तर चौथो तह | -१ |
| ६.अमिन, सहायकस्तर चौथो तह | -१ |
| ७.कार्यालय सहयोगी, सहायकस्तर पहिलो तह | -३ |
| ८.सफाईकर्मी, सहायकस्तर पहिलो तह | -४ |

**हाल मौजुदा दरवन्दीमा रहेको खरिदार (सहायकस्तर चौथो तह) लाई महिला विकास निरीक्षक (सहायकस्तर चौथो तह) समान तहको पदमा समायोजन गरी पद मिलान गर्ने ।**

घट गर्नुपर्ने दरबन्दी

१ अधिकृतस्तर नवौं (सा.प्र.)- १

२ अधिकृतस्तर आठौं (सा.प्र.)-२

३ अधिकृतस्तर सातौं (सा.प्र.)-१

४ अधिकृतस्तर छैठौं (सा.प्र.)-४

५.मेकानिकल सव ईन्जिनियर सहायकस्तर पाँचौ तह-१

**प्रस्ताव नं.९३.४**

**म.ले.प.बाट प्राप्त लेखा परीक्षण प्रतिवेदन प्रस्तुत तथा सम्परीक्षण सम्बन्धमा ।**

**निर्णय नं.९३.४**

बुटवल उपमहानगरपालिकाको आ.व.०७६/०७७ को म.ले.प.बाट प्राप्त लेखा परीक्षण प्रतिवेदन आजको वैठकमा जानकारी भयो । उक्त प्रतिवेदन आजै मिति २०७८।०९।२६ गते विहान ८:०० बजे बस्ने नगरसभाको दशौं अधिवेशनको दोस्रो वैठकमा प्रस्तुत गर्ने र औचित्यपूर्ण र कानूनसम्मत देखिएका वेरुजुहरु नगरसभाबाट सम्परीक्षण गराउने समेत निर्णय गरियो ।

**प्रस्ताव नं.९३.५**

**बुटवल उपमहानगरपालिकाको कर्मचारी व्यवस्थापन (सेवा शर्त सम्बन्धी) विधेयक, २०७८ सम्बन्धमा ।**

**निर्णय नं.९३.५**

बुटवल उपमहानगरपालिकाको लागि कर्मचारी व्यवस्थापन (सेवा शर्त सम्बन्धी) विधेयक, २०७८ आवश्यक भएको हुँदा आजै बस्ने नगरसभाको दशौं अधिवेशनको दोस्रो वैठकमा उक्त विधेयक पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.९३.६

शीर्षकान्तर सम्बन्धमा ।

निर्णय नं.९३.६

देहायको शीर्षकमा विनियोजित रकमलाई देहायको शीर्षकमा शीर्षकान्तर गरी कार्यान्वयन प्रकिया अगाडि बढाउने निर्णय गरियो ।

१.वाली धितोमा ऋण कार्यक्रममा विनियोजित रकम रु.१० लाखबाट शीर्षकान्तर गरी श्री सिम्रिक कृषि सहकारी संस्था लिमिटेड बुटवल-१७ लाई वीउ भण्डारणमा आवश्यक पर्ने काठको चट्टा निर्माण कार्यका लागि रु.४,५०,०००। र जैविक तरकारी उत्पादक कृषक समूह बुटवल-१८ बाट प्रर्वधित बुटवल जैविक कृषि उपज संकलन केन्द्र बुटवल १५ मा तरकारी स्टोरका लागि कोल्ड रुम निर्माण गर्न रु.५,५०,०००। उपलब्ध गराउने निर्णय गरियो ।

प्रस्ताव नं.९३.७ विविध ।

प्रस्ताव नं.९३.७.१

शोक प्रस्ताव सम्बन्धमा ।

बुटवल उपमहानगरपालिकाको वडा नं.६ का वडाध्यक्ष एवं यस कार्यपालिकाका सदस्य श्री जगदिशचन्द्र आचार्यको ममतामयि माता छल कुमारी आचार्यको मिति २०७८।९।२० गतेका दिन ९८ बर्षको उमेरमा असामयिक निधन भएको हुँदा दिवंगत आत्माको चिरशान्तीको कामना गर्दै शोक सन्तप्त परिवारजनहरुमा धैर्यधारण गर्ने शक्ति मिलोस भनि यो वैठक गहिरो समवेदना प्रकट गर्दछ ।

अन्त्यमा उपस्थित सबैलाई धन्यवाद दिदै प्रमुखज्यूबाट वैठक समाप्त भएको जानकारी गराउनु भयो ।